annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ११६ पृष्ठ ८ | काठमाडौं, शनिबार ८ भदौ २०८१ | भाद्र कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४४ | SATURDAY, AUGUST 24, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# फेरि दर्दनाक बस दुर्घटना

## २७ भारतीय तीर्थयात्रीको मृत्यु, १६ घाइते

कहिले जहाज दुर्घटना, कहिले हेलिकप्टर दुर्घटना । कहिले त्रिशूलीमा पहिरोले दुई बस बेपत्ता त कहिले माइक्रो दुर्घटना । यस्तै यस्तै दर्दनाक खबरले मुलुक आक्रान्त भइरहेका बेला शुक्रबार फेरि भारतीय तीर्थयात्री बोकेको बस तनहुँको आँबुखैरेनीमा दुर्घटनामा पर्‍यो । २७ जनाको ज्यान गयो । १६ घाइते छन् । अब सरकारले यी दुर्घटनाको सत्यतथ्य खोतलेर सुरक्षित एवं भरपर्दो यात्राको सुनिश्चितता गर्नैपर्छ ।





दुर्घटना भएको बसलाई डोरीको सहाराले नदीबाट तान्दै सशस्त्र र नेपाल प्रहरीका जवानहरू । बसबाट शव निकाल्दै सुरक्षाकर्मी (तल) ।
● शिव उप्रेती

शिव उप्रेती | *आँबुखैरेनी*

– को रिपोर्ट

समाचार पृष्ठ २


भित्री पृष्ठ



सभ्यताको ऐनामा नेपाल - पृष्ठ ३



बाको काँधमा म, मेरो काँधमा बा ! - पृष्ठ ४




शब्दकोश मेरो प्रेरणा-स्रोत - पृष्ठ ५



व्यावसायिक पशुपालनमा कर्णालीका किसान - पृष्ठ ७

# ऋण नलिएको लामिछानेको जिकिर

**अन्नपूर्ण** | *काठमाडौं*

पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफू कुनै पनि सहकारीको सदस्य नभएको र ऋणसमेत नलिएको दाबी गरेका छन् ।

सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिले शुक्रबार लिएको बयानमा लामिछानेले आफूले कुनै पनि सहकारीबाट ऋण नलिएको दाबी गरे । गोरखा मिडिया नेटवर्क प्रालि तत्कालीन प्रबन्ध निर्देशक लामिछानेसँग सहकारीबाट मिडिया नेटवर्कका लागि सहकारीबाट लिइएको ऋणको विषयमा विभिन्न प्रश्न गरिएको थियो । 'मैले १५ प्रतिशत स्वेट सेयरबापत लिएको थिएँ । यो कुरा सार्वजनिक रूपमा पनि भनिसकेको छु,' लामिछानेको भनाइ उद्धृत गर्दै समितिका एक सदस्यले भने, 'म सहकारीको सदस्य हैन । कुनै पनि ऋण सहकारीबाट लिएको छैन । म सहकारीबाट मिडियाले लिएको ऋणको जिम्मा लिन सक्दिनँ ।'

समिति सदस्यका अनुसार, गोर्खा मिडिया नेटवर्कका अध्यक्ष जीबी राईसँग व्यावसायिक सम्बन्ध मात्र रहेको लामिछानेले बताएका थिए ।



विभिन्न सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा आएको रकम बारे अनविज्ञता देखाए । 'आर्थिक व्यवस्थापनको पाटोमा मलाई कुनै जानकारी हुने कुरा भएन । छैन पनि,' लामिछानेले भने ।

विभिन्न सहकारीबाट लिइएको ऋण र आफ्नो नाममा लिइएको ऋण, कागजातलगायतका सबै विषयहरूमा आफ्नो कुनै जानकारी र संलग्नता नरहेको लामिछानेको जिकिर थियो । गोर्खा मिडिया नेटवर्कको प्रबन्धनिर्देशकका रूपमा मात्र कार्य गरेको उल्लेख गर्दै लामिछानेले आर्थिक र व्यवस्थापकीय पाटोमा नेटवर्कका अध्यक्ष जीवी राईलाई जानकारी हुने बताएका थिए । समितिले सोधेका कतिपय प्रश्नमा लामिछानेले ठाडै अस्वीकार गरेका थिए । बयानको क्रममा लामिछानेले आफू कुनै पनि सहकारी सदस्य नभएको दाबी गरेका थिए । 'गोरखा मिडिया नेटवर्कमा जागिर त्र गरेको हुँ,' लामिछानेले भने, 'सहकारीबाट लिइएको ऋणको विषयमा जिम्मा लिन सक्दिनँ ।'

समिति सभापति सूर्य थापाका अनुसार, लामिछानेले आर्थिक स्रोत जुटाउने कार्य जीबी राईले गर्ने गरेको बताएका थिए । 'कहाँबाट कसरी रकम प्राप्त भयो भन्ने कुरा उहाँ (लामिछाने) ले जीबी राई नै थाहा हुने विषय राख्नु भएको छ,' थापाले भने ।

बयान दिएर फर्केपछि सञ्चारकर्मीसँग बोल्दै लामिछानेले सहकारी पीडितको विषयमा आफूले यसअघि पनि पटकपटक आवाज उठाएको बताए । 'मकै पोलेर रकम जम्मा गरेकाहरूको रकम हो । राजनीति दलको नेताको हिसाबले मेरो जिम्मेवारी हो,' लामिछानले भने, 'सहकारी पीडितका पक्षमा यसअघि पनि बोलेको छु । बचतकर्ताहरूको बचत फिर्ता नभएसम्म म, पार्टीका नेताहरू अन्तिमसम्म सबैभन्दा बढी लड्न तयार छौं ।'

समितिले गोरखा मिडिया नेटवर्कका सञ्चालक छविलाल जोशीसँग शुक्रबार बिहान बयान लिएको थियो । त्यसलगत्तै बयान दिएका लामिछानेलाई सोध्न झन्डै ५० प्रश्न तयार गरिएको थियो । साँझ ५ बजेसम्म झन्डै आधा प्रश्न मात्र सोधिएको एक सदस्यले बताए । समितिले लामिछानेसँग तीन घण्टाभन्दा बढी बयान लिएको थियो ।

# भारत उत्तराखण्डको पहिरोमा ४ नेपालीको मृत्यु

**अन्नपूर्ण** | *काठमाडौं*

भारत उत्तराखण्डको केदारनाथधाम नजिक गएको पहिरोमा परी चार जना नेपाली युवाको मृत्यु भएको छ । भारतीय सञ्चारमाध्यमका अनुसार केदारनाथधाम नजिकै फाटा भन्ने ठाउँमा बिहीबार राति पहिरो गएको थियो । घरभित्रै सुतिरहेका बेला आएको पहिरोमा परी नेपाली कामदारको मृत्यु भएको हो । घटनास्थल केदारनाथबाट १६ किलोमिटर टाढा र बद्रीनाथबाट ८० किलोमिटरको दूरीमा पर्छ । मजदुरी गर्ने उक्त ठाउँमा गएका उनीहरूले सडक किनारमै छाप्रो बनाएर बसेका थिए । पहिरोले छाप्रोसहित बगाएको हो ।

प्रारम्भिक अनुसन्धानका क्रममा मृतक चारैजना चितवन माडीवासी भएको जानकारी प्राप्त भएको छ । यस विषयमा गृह मन्त्रालय भने बेखबर छ । गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले घटनाको विषयमा थाहा नभएको जानकारी दिए । उनी भन्छन्, 'हामीलाई खबर आएको छैन । म बुझ्दैछु ।'

# बेलायतमा आप्रवासी विरोधी समूहबाट नेपालीको रेस्टुरेन्टमा आगजनी

**धुवराज अर्याल** | *लन्डन*

पछिल्लो समय बेलायतमा फैलिएको जातीय घृणाप्रेरित अपराधको निसानामा यहाँका नेपालीसमेत परेका छन् । जातीय घृणा फैलाएर देशैभर अराजक हूलदंगा एवं प्रदर्शन गरेका कट्टर दक्षिणपन्थीहरूले एक जना नेपाली व्यवसायीको रेस्टुटेन्ट तथा पबमा आगजनी गरिदिएका छन् ।

नर्दन आयरल्यान्डको बालीक्लेयर रोड, न्युटाउन आबीस्थित रेलवे बार एन्ड स्टिम डाइनिङमा बुधबार मध्यरातमा पेट्रोल बम प्रहार गरी आगजनी गरिएको सञ्चालक अब्जन आचार्यले जानकारी दिए ।

रेस्टुरेन्ट बन्द रहेको बिहान करिब १:५० बजेको समयमा गरिएको आगजनीबाट रेस्टुरेन्ट जलेर पूर्ण रूपमा क्षतिग्रस्त बनेको उनले बताए । आगजनीपछि पबको भित्तामा 'मुस्लिम आउट' लेखिएको पाइएको छ । प्रहरीले घटनालाई जातीय उत्प्रेरित घृणाजन्य अपराध भनेको छ । दक्षिणपन्थी समूहले आगजनी गरेको बताउँदै यसबारे अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

बागलुङ स्थायी घर भएर सन् २००६ देखिदेखि नै बाबुआमासँग बेलायत बस्दै आएका आचार्यले झन्डै ६ महिनाअघि उक्त व्यवसाय सञ्चालनमा ल्याएका थिए । पब तथा रेस्टुरेन्ट गरी झन्डै १ सय ८० जना ग्राहक क्षमताको उक्त व्यवसायमा आफ्नो करिब १ लाख रुपैयाँ लगानी परेको उनले सुनाए ।

आगजनीबाट पूर्ण रूपमा क्षति भएपछि अहिले आफ्नो पब र रेस्टुरेन्ट बन्द गर्नुपरेको आचार्यले बताएका छन् । भवनसमेतमा ठूलो क्षति भएका कारण अब सोही ठाउँमा पुन: सञ्चालन गर्न असम्भव रहेको उनको भनाइ छ ।

आफूलाई व्यक्तिगत रूपमा निसाना गरिएको भन्दा पनि समुदायप्रतिको जातीय घृणाको सिकार आफू बनेको अनुभव आचार्यले गरेका छन् ।

मेरो छालाको रंग, जात, धर्म आदिलाई आधार बनाएर आफैंमाथि यति ठूलो हिंसा होला भन्ने त कल्पनासमेत थिएन, नर्दन आयरल्यान्डमै हुर्किएका आचार्यले अन्नपूर्ण पोस्ट्सँग भने, घटनाले निकै दु:खी बनाएको छ । तर आफ्नो नियन्त्रणभन्दा बाहिरको घटना भएकाले धेरै चिन्तित वा विचलित नबनी अगाडि बढ्नुपर्छ भन्ने सोंच बनाएको छु ।

नेपाली कम्युनिटी नर्दन आयरल्यान्डका पूर्वअध्यक्षसमेत रहेका आचार्यको व्यवसायीमाथि भएको जातीय घृणाप्रेरित घटनाले स्थानीय



नेपालीहरू स्तब्ध बनेका छन् । आगजनी गरिएको आचार्यको रेस्टुरेन्ट नजिकै अर्को रेस्टुरेन्ट सञ्चालन गर्दै आएका गुल्मीका तुल्सीराम पौडेल असुरक्षित महसुस भएको बताउँछन् । हाम्रो नजिककै साथीले सञ्चालन गरेको रेस्टुरेन्टमा भएको घटनाले हामीलाई निकै दु:खी बनाएको छ । त्यसमाथि अब कतै हामीहरू र हाम्रो व्यवसायमाथि पनि यस्तै हुने हो कि भन्ने भय पनि सिर्जना भएको छ, उनले भने ।

नर्दन आयरल्यान्डमा अहिले झन्डै एक सय परिवार हाराहारीमा नेपालीको बसोबास छ । यसअघि नेपालीमाथि नै सिधा प्रहार हुने गरी कुनै पनि जातीय घृणाका घटना नभएको स्थानीय नेपालीहरू बताउँछन् ।

बेलायतमा यसअघि पनि पूर्वगोर्खा परिवारका वृद्धवृद्धाहरूमाथि जातीय घृणा उत्प्रेरित गालीगलौज तथा दुर्व्यवहारका केही घटना भएका थिए । तर पछिल्लो केही सातादेखि फैलिएको दंगाका क्रममा भएका आक्रमणहरूमा भने कोही नेपाली परेको जानकारी थिएन ।

यसअघि उत्तरपश्चिम इंग्ल्यान्डको साउथपोर्टमा गत जुलाई २९ मा एक १७ वर्षीय युवाले छुरा प्रहार गरी तीन बालिकाको हत्या गरेपछि दक्षिणपन्थी समूहले जातीय हिंसा फैलाएको थियो ।

एक साता लामो हिंसात्मक दंगाका क्रममा आप्रवासी र मुस्लिमहरूलाई मुख्य निसाना बनाएर आक्रमण गरिएको थियो ।

हिंसात्मक दंगामा संलग्न १ हजार २४ जनालाई पक्राउ गरिएको र ५ सय ७५ लाई अभियोग लगाइएको प्रहरीले जनाएको छ ।

बालिका हत्यामा संलग्न युवा शरणार्थी र मुस्लिम भएको गलत हल्ला फैलिएपछि आप्रवासी र मुस्लिमविरोधी हिंसात्मक प्रदर्शनहरू भएका थिए ।